बैठक नं. ९२

आज मिति २०८२ भाद्र २० गते, शुक्रबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई

विषयहरु :

१. भाद्र २२ गते हुने सन्ध्याकालीन सम्पदा पदयात्रा सम्बन्धमा ।

२. सवारी साधन खरिद सम्बन्धमा ।

३. पुरानो नगरको मूल सडकमा सन्ध्याकालीन बत्ती र सी.सी. क्यामेराको बन्दोबस्त सम्बन्धमा ।

४. सांस्कृतिक विधाहरुको पुरस्कार वितरण र सांस्कृतिक गुरु सम्मान सम्बन्धमा ।

५. चीन भ्रमण सम्बन्धमा ।

६. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

७. विविध ।

निर्णयहरु :-

१. मिति २०८२ भाद्र २२ गते, आइतबार हुने सन्ध्याकालीन सम्पदा पदयात्रा समापन कार्यक्रमको लागि प्रमुख अतिथि नेपाल मजदुर किसानका केन्द्रीय सचिव एवम् संघीय सांसद माननीय श्री प्रेम सुवालज्यू र विशेष अतिथि बागमति प्रदेश सभा सदस्य श्री सुरेन्द्रराज गोसाईलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

२. यस नगरपालिकाको लागि आवश्यक देहाय बमोजिमको सवारी साधनहरु खरिद गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो :

क. फोहर बोक्ने ट्रक २ वटा

ख. ब्रुमर गाडी १ वटा

ग. इलेक्ट्रिकल ट्राइसाइकल २ वटा

३. भक्तपुरको पर्यटन प्रवर्द्धन एवम् शान्ति सुरक्षा व्यवस्थाको लागि नगरको पुरानो क्षेत्रको मूल सडकमा आवश्यकता अनुसार सन्ध्याकालीन बत्ती र सी.सी. क्यामेराको व्यवस्था गर्ने निर्णय गरियो ।

४. गुन्हीपुन्ही सापारु, २०८२ को अवसरमा प्रदर्शन गरिएका घिन्ताङघिसी., माक प्याखं, आधुनिक र परम्परागत सांस्कृतिक विधाहरुमा विजयी सांस्कृतिक समूहहरुलाई पुरस्कार वितरण तथा सांस्कृतिक गुरुहरुलाई सम्मान कार्यक्रम विशेष कारणवश पूर्वनिर्धारित मिति, समय र स्थानको सट्टामा देहायको मिति, समय र स्थानमा गर्ने र सो सम्बन्धी सरोकारवालाहरुको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो :-

कार्यक्रम :

मिति :२०८२।६।२ गते, विहीबार

सयम : दिनको १:०० बजे

स्थान : दरवार स्क्वायर

५. भक्तपुर नगरपालिकाको भगिनी शहर सान्नानबाट भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको लागि प्रदान गरिने स्वास्थ्य उपकरणहरु बुझी लिन यस नगरपालिकाका उपप्रमुख श्री रजनी जोशीको नेतृत्वमा देहाय बमोजिमका प्रतिनिधि मण्डललाई सान्नान सहरमा मिति २०८२ साल असोज ३ गतेदेखि भ्रमणमा पठाउन सहमति लेखेर पठाउने निर्णय गरियो :

१. उपप्रमुख श्री रजनी जोशी, भक्तपुर नगरपालिका

२. वडाअध्यक्ष श्री रविन्द्र ज्याख्व, ९ नं वडा अध्यक्ष, भनपा

३. कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल, भनपा

४. डा. मजेश प्रताप मल्ल, नि.मेडिकल डाइरेक्टर, ख्वप अस्पताल

५. श्री गौत्तम प्रसाद लासिवा, शाखा प्रमुख, पर्यटन शाखा

६. श्री दामोदर सुवाल, शाखा प्रमुख, प्रशासन शाखा

७. श्री नाति ह्योम्बा, स्थानीय व्यापारी

८. श्री राजेन्द्र चवाल, लियजन अफिसर

६. समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क. महिला, बालबालिका तथा समाज कल्याण समिति**

मिति २०८२।४।२७ गते बसेको महिला, बालबालिका तथा समाज कल्याण समिति निम्न निर्णयहरु अनुमोदन गरियो:

१. भ.न.पा.द्वारा सञ्चालन गरिने महिला तथा युवा लाति तालिममध्ये मिति २०८२ भाद्र १ गतेदेखि विभिन्न तालिमहरु सञ्चान गर्नको लागि भ.न.पा.३ नं.वडा कार्यालयमा पाक शिक्षा तालिम विहान ७:००-९:००), एड्भान्स सिलाई र आधारभूत सिलाई तालिम भ.न.पा.८ नं. वडा कार्यालय तथा हेयर कटिङ्ग तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

मिति २०८२।५।२० गते बसेको महिला, बालबालिका तथा समाज कल्याण समिति निम्न निर्णयहरु अनुमोदन गरियो:

१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२।५।३ को च.नं. २१ र राष्ट्रिय महिला आयोगको मिति २०८२।४।२६ को च.नं. ५३ को आत्महत्याको घटनाहरु समय समयमा देखिरहेकोमा सो बारे मनोसामाजिक कर्ताबाट जनचेतनामूलक अभिमुखीकरण कार्यक्रम हरेक वडामा सञ्चालन गर्न वडामा पत्राचार गर्ने निर्णय गरियो ।

## ख. निर्माण समिति

२०८२।५।२० गतेको निर्माण समितिको निम्न निर्णय अनुमोदन गर्ने निणैय गरियो :

| क.सं | योजनाका विवरण | वडा नं | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई.□कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्या□न रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | फोहर मैला प्रशोधन केन्द्र जाने करिडोर बाटो स्तरोन्नती कार्य | ८ | नपा | १,६८४,२९४।३६ | | | | | | | | |
| २ | खंचा पाटी पुन निर्माण | ७ | नपा | २,०६७,१४२।७२ | | | | | | | | |
| ३ | नपुख क्षेत्रमा CCTV Surveillance प्रणाली र जडान कार्य | १ | सिसि क्यामेरा जडान तथा मर्मत | ७३१,६१९।६० | | | | | | | | |
| ४ | भाजु पुखु क्षेत्रमा Street Lamp & Flood Light मर्मत संभार कार्य | १ | सिसि क्यामेरा जडान तथा मर्मत | ९८,७५७।०० | | | | | | | | |
| ख) | **उपभोक्ता समिति स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | जिल्ला प्रशासन कार्यालय, बाल अदालतको बाटो तथा पार्कि□ स्थल सुधार कार्य | ३ | मर्मत | १,१४५,७१४।६५ | | | उ.स.अ. : श्री लक्ष्मी सुन्दर स्वंगमिखा<br>अ.स.स. : श्री राज कृष्ण गोरा | | | | | |
| २ | थंथु दरबार पुन निर्माण आयोजना | १ | नपा | ३,५५५,३५२।७८ | | | उ.स.अ. : श्री मनिश गोरा<br>अ.स.स. : श्री कृष्ण गोपाल चौगुठी | | | | | |

४. **विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

क. **गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका, २०७५ को दफा १३ बमोजिम जारी गरिएको गुनासो सुनुवाई मार्गदर्शन, २०७८ बमोजिम देहाय बमोजिमको गुनासो सुनावाई समिति गठन गर्ने निर्णय गरियो :-**

संयोजक : उपपमुख श्री रजनी जोशी, भक्तपुर नगरपालिका

सदस्य : प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई, भक्तपुर नगरपालिका

सदस्य : कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल, भनपा

सदस्य : गुनासो सुनुवाई अधिकारी श्री गणेशलाल फोजु, भनपा मुद्दा उपशाखा

ख. भ.न.पा. वडा नं. ६ स्थित अरनिको सभा भवन निर्माण आयोजनाको भवन निर्माण कार्य दोश्रो चरणको ठेक्का नं. Arniko/NCB/Works/01/081.082 को कार्य निरन्तरता दिने तथा अरनिको सभा भवनको पहिलो तल्ला माथिको Structural कार्य सम्पन्न गर्न जम्मा रु. १२,१६,७२,५९३।०- बराबरको ल.ई. हुन आएकोले सो रकम बराबरको कार्य गर्न विनियोजन रकम रु.१४,८४,८१,९६०।- मा नपुग रकम रु.८,००,००,०००।- (अक्षेरुपी आठ करोड रुपैयां) आ.व.२०८२/०८३ मा स्रोत सुनिश्चितता गर्ते निर्णय गरियो ।

ग. ४५ औं नेपाल भाषा साहित्य तःमुज्याको लागि रु.१,००,०००।- (अक्षेरुपी एक लाख मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिका वडा नं १ सिद्ध पोखरीमा इन्द्र जात्राको उपलक्ष्यमा दिपावली गर्न आर्थिक सहयोग स्वरुप रु. ४०,२००।- दिपावली व्यवस्थापन समितिका सचिव लक्ष्मी सुन्दर सुवाललाई भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

ङ. यस न.पा. मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए वापत रु. २,००,७११।- दिव्या स्विट्स एण्ड फुड्स्लाई भुक्तानी दिने निर्णय गरियो ।

च. यस न.पामा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए वापत रु. ९,७८०।- बाल कृष्ण खाजा घरलाई भुक्तानी दिने निर्णय गरियो ।

छ. यस न.पा. मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए वापत रु.४३,९१५।- बदर्श क्याफे एण्ड भोजनालयलाई भुक्तानी दिने निर्णय गरियो ।

ज. यस न.पा. मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए वापत रु. २५,२००।- चन्द्रायण स्विट्सलाई भुक्तानी दिने निर्णय गरियो ।

झ. यस न.पा. को बा १ क ९०२५ नं. को गाडीमा टायर पंचर टाले वापत रु. ७,३००।- ड्राईभर आशभक्त बंशमणीलाई भुक्तानी दिने निर्णय गरियो ।

ञ. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८२ भाद्र २५ गते भएको गाईजात्राको अवसरमा प्रदर्शन हुने गाईजात्रा र माक प्याख मूल्याङ्कनमा आवश्यक व्यवस्था गर्न वडा सचिव नन्द कृष्ण श्रेष्ठलाई रु ३०,०००।- पेश्की दिएकोमा जम्मा खर्च १४,३८०।- समर्थनका साथै बाँकी रकम दाखिला गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

ट. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८२ भाद्र २५ गतेदेखि ३१ गतेसम्म भएको परम्परागत सांस्कृतिक तथा आधुनिक विधाको मूल्याङ्कनका लागि आवश्यक व्यवस्था गर्न प्रशासन सहायक गणेश राम सुवाललाई रु १,८०,०००।- पेश्की दिएकोमा जम्मा खर्च १,६०,१२९।- समर्थनका साथै बाँकी रकम बैंक दाखिला गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

ठ. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८२ भाद्र २५ गतेदेखि ३१ गतेसम्म भएको परम्परागत सांस्कृतिक तथा आधुनिक विधाको मूल्यङ्कनका लागि आवश्यक व्यवस्था गर्न वडा सचिव बुद्धि प्रसाद दुवाललाई रु १,८०,०००।- पेश्की दिएकोमा जम्मा खर्च १,११,६०७।- समर्थनका साथै बाँकी रकम बैंक दाखिला गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।